# रक्षा मन्त्रालयको बजेट खर्च करिब ४६ प्रतिशत

आर्थिक संवाददाता
काठमाडौँ, माघ २९



रक्षा मन्त्रालय र मातहत निकायले चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म विनियोजित कुल बजेटको ४५ दशमलव ८२ प्रतिशत खर्च गरेका छन् ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकले दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा गर्दै उक्त तथ्य सार्वजनिक गरेको हो । मन्त्रालयका सचिव केदारनाथ शर्माको अध्यक्षतामा बसेको बैठकमा विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था प्रस्तुत गरिएको थियो । मन्त्रालयले चालु आवमा फछ्र्यौट गर्नुपर्ने कुल तीन अर्ब ६५ लाख रूपैयाँ बेरूजुमध्ये हालसम्म ६ प्रतिशत मात्र फछ्र्यौट गरेको छ । समीक्षा अवधिमा सञ्चालनमा रहेका आठ ठूला विकास निर्माण आयोजनामध्ये पाँच आयोजनाको प्रगति ८० प्रतिशतभन्दा माथि पुगेको मन्त्रालयले जनाएको छ । नेपाली सेनालाई जिम्मेवारी दिइएका खाँदबारी-किमाथांका सडक करिडोर, कर्णाली करिडोर, बेनीघाट-आरूघाट-लार्केभञ्ज्याङ सडक, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र 'बंकर टु ब्यारेक' कार्यक्रममा सो प्रगति भएको हो । यद्यपि, काठमाडौँ-तराई-मधेस द्रुतमार्ग, दार्चुला टिंकर (तुषारपानी-टिंकर) सडक आयोजना र राष्ट्रिय चुरे संरक्षण कार्यक्रमको प्रगति भने कम रहेको छ । द्रुतमार्गअन्तर्गत खोकना खण्डलगायत समस्याग्रस्त क्षेत्रमा देखिएका अवरोध समाधानका लागि उच्चस्तरीय अनुगमन तथा निरीक्षण गरी आवश्यक पहल गरिएको मन्त्रालयले जनाएको छ ।

यस्तै नेपाली सेनाले विपद् तथा मानवीय सेवामा पनि सक्रिय भूमिका निर्वाह गरेको जनाइएको छ । सुत्केरी २० जनासहित ३५ जनाको हवाई उद्धार, आगलागी तथा डढेलो नियन्त्रणका लागि एक हजार तीन सय ८९ जना फौज परिचालन तथा विभिन्न घटनामा परेका दुई हजार सात सय २७ जनाको उद्धार गरिएको मन्त्रालयले जनाएको छ । त्यस्तै २५ जिल्लाका २९ स्थानमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरी १३ हजार आठ सय ८७ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको तथा तीन सय ५२ जनालाई सर्पदंश उपचार सेवा उपलब्ध गराइएको छ ।

बैठकमा मन्त्रालयका सचिव शर्माले चालु आवका विकास आयोजना र कार्यक्रमको प्रगति तीव्र पार्न तथा पुँजीगत खर्चमा सुधार ल्याउन सम्बन्धित आयोजना प्रमुखलाई निर्देशन दिए । राष्ट्रिय गौरवको काठमाडौँ-तराई-मधेस द्रुतमार्गको प्रगति गति बढाउन उनले आग्रह गरे । बाँकी अवधिमा निर्धारित लक्ष्य र 'माइलस्टोन' हासिल गर्न तथा बेरूजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी काम गर्नसमेत उनले निर्देशन दिएका छन् । बैठकमा योजना तथा अन्तरराष्ट्रिय सहयोग समन्वय महाशाखा प्रमुख सहसचिव कृष्ण पौडेलले मन्त्रालय र नेपाली सेनाअन्तर्गत सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमको प्रगति र कार्यान्वयनमा देखिएका समस्या-चुनौतिबारे प्रस्तुतीकरण गरेका थिए ।


## छत्रपाटी नि:शुल्क चिकित्सालय (अस्पताल)

छत्रपाटी, काठमाडौं

प्रकाशन मिति २०८२।११।०१

आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका सारभूत रुपमा प्रभाव गाह्य न्यूनत्तम मुल्यांङ्कित बोलपत्रहरु स्विकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि संबन्धित सबै बोलपत्रदाताहरुलाई ७ दिने आशयको सुचना समेत यसै सुचनाबाट जानकारी गराईन्छ ।

| सि.नं. | सूचना नं प्याकेज नं | सूचना प्रकाशित मिति | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम रु (मु.अ.क.समेत) |
|---|---|---|---|---|---|
| 1 | CFC-SQG-082/083/01RE | 2082.09.09 | Supply, delivery, Installation of Medical Equipments | General Medical Suppliers | 41,64,050 |

## नौकुण्ड गाउपालिका

### गाउ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश

### आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सुचना

यस कार्यालयमा तपसिल उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरू मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्रहरूको प्राबिधिक प्रस्तावको मुल्यांकन गर्दा तल उल्लेखित बोलपत्रदाताहरूको बोलपत्र सारभुत रूपमा प्रभाबग्राही देखिएकोले सार्बजनिक खरीद नियमावली,२०६४ को नियम ३१(ङ) (५) मा ब्यबस्था भए बमोजिम तपसिलको मिति ,समय र स्थानमा आर्थिक प्रस्ताब खोलिने भएकाले उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| S. N | Contract Identification Description Of Works | Qualified Bidder | Financial Proposal Opening Place,Date and Time |
|---|---|---|---|
| 1 | NRM/NCB/Works/03/82/83 Upgrading Of Garunen Langbu Aarukharka Ghormu Kimarjung Dada Road | Asal construction pvt.ltd. | Address :Naukunda Rural Municipality Office Date :2082-11-08 Time :11 PM |
| | | Dhading Shaswat J/V, | |
| | | Bachhaladevi Himalayan J.V, | |
| | | Lirung Dupcheshwor Shubham J/V, | |
| | | SCSPL/Tarakeshw or Joint Venture, | |
| | | Sanvi/PL/Mani JV, | |
| | | Shree Krishna-New Sulakshyana Jaleshwori J.V, | |
| | | Thapakaji Inovative Construction Pvt. Ltd. | |
| | | M/S Handik- Yamkha Gothatar J.V, | |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

### सडक विभाग

### काठमाडौं चक्रपथ सुधार योजना

बबरमहल काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति:२०८२/११/०१)

यस काठमाडौं चक्रपथ सुधार योजनाको मिति २०८२/०८/२९ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सूचना नं. ०२।२०८२।८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपशिलको ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये प्रथम चरणको प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव समेत मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| KRIP/33701120/08 2/83/04 | Extension and Improvement of Balkhu- Chovar - Dryport Road Section ( Ch. 1+620 – 1+960),( Chainage zero is Balkhu | Kantipur Suppliers Pvt. Ltd, Lalitpur | 3,96,57,582.75 |

योजना प्रमुख


# दैलेखको जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण पुष्टि

दैलेख, माघ २९ । यहाँको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास परिमाणमा खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ । चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो ।

खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययनपछि यो तथ्यांक सार्वजनिक गरिएको हो । यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको थियो । थप परीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको उनले बताए । भण्डारण पुष्टि भए पनि यसको व्यावसायिक उत्पादन र उत्खनन क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ'पछि मात्र प्राप्त हुने विभागले जनाएको छ । प्रवक्ता खड्काले भने, 'अहिले हामीले भण्डारणको आकार मात्र पत्ता लगाएका हौँ । वेल टेस्टिङ नगरी कति ग्यास बाहिर निकाल्न सकिन्छ र कुन प्रविधि उपयुक्त हुन्छ भन्नेबारे परीक्षण नगरेसम्म अन्तिम टुङ्गो लाग्दैन ।'

उनका अनुसार अबको चरणमा 'ड्रिल' गरिएको स्थानमा अन्य उपकरण प्रयोग गरी चट्टान फुटाउने वा प्राकृतिक ग्यासलाई विस्थापित गर्ने प्रक्रिया अपनाइने छ । त्यसपछि निस्कने ग्यासमा भएका तत्वको प्रयोगशाला परीक्षण गरिने छ । सो पश्चात् मात्र व्यावसायिक उत्पादनको प्रक्रिया अघि बढ्ने उनले जानकारी दिए । नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबीच दुई अर्ब ४० करोड रूपैयाँको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो । सोहीअनुसार चिनियाँ टोलीले सेस्मिक सर्वे, जियोलोजिकल सर्वे, म्याग्नेटोटेल्युरिक सर्वे र जियोकेमिकल सर्वे सम्पन्न गरिसकेको विभागका प्रवक्ता खड्काले जानकारी दिए । उनका अनुसार हाल प्राप्त अन्तिम प्रतिवेदनमाथि विभागले थप अध्ययन गरिरहेको छ भने बाँकी कामका लागि अनुदान सहयोग गरिदिन नेपाल सरकारले चीन सरकारलाई आग्रह गरेको छ ।

विज्ञहरूका अनुसार दैलेखमा फेला परेको ग्यास अमेरिकामा उत्खनन गरिने 'सेल वा टाइट ग्यास' प्रकृतिको छ । यस्तो ग्यास चट्टानका पत्रमा च्यापिएर रहने भएकाले यसलाई निकाल्न निकै कठिन हुन्छ । व्यावसायिक प्रयोजनका लागि निकाल्न चट्टान फोडेर ग्यास निकाल्नुपर्ने चुनौती छ । दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएको श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुङ्गेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरू गरिएको थियो । फागुन २१ मा हुन लागेको निर्वाचनमा पनि दैलेखका राजनीतिक दलले यो ग्यास उत्खननलाई आफ्नो मुख्य चुनावी एजेन्डा बनाएका छन् ।

# टेलिकमको कुल आय र खुद नाफा दुवै घट्यो

काठमाडौँ माघ २९ । नेपाल टेलिकमले कुल आय र खुद नाफा दुवै घटेको छ । टेलिकमले सार्वजानिक गरेको आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिकसम्मको अपरिष्कृत वित्तीय विवरणअनुसार सञ्चालन आयमा सामान्य वृद्धि देखिए पनि कुल आय र खुद नाफा घटेको छ ।

समीक्षा अवधिसम्म कम्पनीको कुल सञ्चालन आय १७ अर्ब २९ करोड ९७ लाख ३० हजार रूपैयाँ पुगेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको १७ अर्ब ४९ लाख २५ हजार रूपैयाँको तुलनामा २९ करोड ४८ लाख ५ हजार रूपैयाँ अर्थात् १ दशमलव ७३ प्रतिशतले बढी हो । यद्यपि कुल आय भने १ दशमलव ५ प्रतिशतले घटेको छ । चालु आवको दोस्रो त्रैमासिकसम्म कुल आय १९ अर्ब २२ करोड ७२ लाख ६६ हजार रहेको छ, जुन गत वर्षको सोही अवधिको १९ अर्ब ५१ करोड ९२ लाख ६६ हजार रूपैयाँको तुलनामा २९ करोड २० लाख रूपैयाँले कम हो ।

कम्पनीको नाफा पनि घटेको छ । ईविट्दा ९ अर्ब ७७ करोड ७० लाख ६२ हजार रूपैयाँ कायम भएको छ, जुन अघिल्लो वर्षको तुलनामा २ दशमलव ६० प्रतिशतले घटेको हो । करअघिको नाफा ५ अर्ब ९१ करोड ४३ लाख रहेको रूपैयाँ छ, जुन ४ दशमलव ५९ प्रतिशतले कम हो । त्यस्तै, समीक्षा अवधिमा खुद नाफा ४ अर्ब १६ करोड ४५ लाख ९ हजार रूपैयाँ पुगेको छ । यो रकम गत आवको सोही अवधिको ४ अर्ब ७८ करोड ५९ लाख २५ हजार रूपैयाँको तुलनामा ६२ करोड १४ लाख १५ हजार रूपैयाँ अर्थात् १२ दशमलव ९८ प्रतिशतले कम हो । कम्पनीको प्रति सेयर आम्दानी ४६ रूपैयाँ २७ पैसा रहेको छ ।

कम्पनीका अनुसार ओटीटी सेवाको बढ्दो प्रयोगका कारण अन्तरआबद्धता तथा भोइस/एसएमएस आयमा गिरावट आएको छ । विदेशबाट हुने आगमन कल घट्दा अन्तरआबद्धता आय करिब ६.१४ प्रतिशतले कम भएको छ । साथै लगानीको मूल्य परिवर्तन र ब्याजदर घट्दा ब्याज आय ३२ प्रतिशतले घटेको छ । दुर्गम क्षेत्रमा सेवा विस्तार, दररेटसम्बन्धी नीतिगत परिवर्तन, कर्मचारी बीमा तथा पेन्सन दायित्वमा वृद्धि, इम्पेयरमेन्ट खर्चमा वृद्धि र चालु कर बढ्नु पनि नाफा घट्नुका कारण रहेको कम्पनीले जनाएको छ । विदेशी मुद्रा सटही दर परिवर्तनका कारण भने सटही नाफा एक सय ५० प्रतिशतले बढेको कम्पनीले जनाएको छ । टेलिकमले प्रतिस्पर्धात्मक र परिवर्तनशील बजार वातावरणबीच सेवा विस्तार तथा गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै अगाडि बढिरहेको उल्लेख गरेको छ ।


## श्री डिभिजन वन कार्यालय कैलालीको सरकारद्वारा व्यवस्थित वनको काठ/दाउरा संकलन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/०१)

डिभिजन वन कार्यालय कैलाली अन्तर्गतको सव डिभिजन वन कार्यालय गोदावरीको कार्यक्षेत्रमा पर्ने गोदावरी १२ केलागाड धौलेपानीस्थित सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा रहेका ढलापडा सुख्खाखडा रुखहरु संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनुसारको काठ दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यु.फि. रु.१५६।२५ र दाउरा संकलन प्रति चट्टा रु.१६,७००।- घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मू.अ.कर दर्ता नम्बर, आ.ब. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिन दिनको ३:०० बजेभित्र डिभिजन वन कार्यालय कैलाली र वन निर्देशनालय धनगढी कैलालीबाट बोलपत्र खरिद गरि सिलबन्दी बोलपत्र १६ (सोह्रौं) औं दिन दिनको ३:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धी विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ।

## हकदाबीको सूचना

लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, ग्वादी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश, सुनवल न.पा. वडा नं. ७ बस्ने भिमलाल ज्ञवालीको नाति, वम देव ज्ञवालीको छोरा, राम प्रसाद ज्ञवालीको मिति २०७८/०५/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १२००५०५०००३४०७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती तुलसी ज्ञवालीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
शाखा कार्यालय, सुनवल, नवलपरासी
फोन नं. ९८५७०३३२२५

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

चितवन जिल्ला माडि गर्दि गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०९, बस्ने श्री सूरत सिंहको नाति श्री भुवानी सिंह ठकूरीको छोरो श्री भिम बहादूर सिंह ठकूरी (ना.प्र.नं. २५१९, जि.प्र.का. चितवनबाट मिति २०३६/०५/२२ मा जारी भई मिति २०६०/१०/२६ मा प्रथम प्रतिलिपि जारी) को मिति २०८२/०७/२० गते मृत्यू भएकोले यस बैंकमा रहेको निजको बचत खाता नं. २४५१५२४०३०००६७ मा भएको सम्पर्ण रकम भुक्तानी पाउँ भनि निजको छोरा राम राज सिंह ठकूरी (ना.प्र.नं. २१७२, जि.प्र.का. चितवनबाट मिति २०४५/०१/०८ मा जारी भई २०७६/०५/०१ मा प्रथम प्रतिलिपि जारी) ले यस बैंक समक्ष निवेदन गरेको हूँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हूँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कूनै उजूर नलाग्ने ब्यहोरा समेत यसै सूचना वाट सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
हाकिमचोक शाखा, भरतपुर, चितवन
फोन नम्बर : ०५६५९०१९१
फ्याक्स: ०५६५९०१९०


# भारतद्वारा नेपाललाई तेस्रो चरणमा दुई सय २३ वटा सवारी साधान हस्तान्तरण

आर्थिक संवाददाता
काठमाडौँ, माघ २९

भारत सरकारले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सहयोग स्वरूप तेस्रो चरणमा दुई सय २३ वटा सवारी साधान हस्तान्तरण गरेको छ ।

गृह मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्यालालाई नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले ती सवारी साधन हस्तान्तण गरेका हुन् । यसअघि भारतले पहिलो चरणमा ६१ वटा र दोस्रो चरणमा दुई सय ५४ वटा सवारी साधान सहयोग स्वरूप उपलब्ध गराइसकेको छ । भारत सरकारले नेपाली सेनाका लागि पनि थप ५० वटा सवारीसाधान उपलब्ध गराएको छ । उक्त सवारी साधान राजदूत श्रीवास्तवले प्रधानसेनापति अशोकराज सिग्देललाई हस्तान्तरण गरेका हुन् । नेपाल प्रहरीलाई उपलब्ध गराउने कतिपय सामग्री प्राप्त भएको छ भने कतिपय प्राप्त हुने क्रममा रहेको गृहमन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्ले जानकारी दिए ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी